# लालीगुराँस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बसन्तपुर, तेह्रथुम

(कोशी प्रदेश, नेपाल)

प. सं. : ०८१/८२
च. नं. : १४१२

मिति : २०८२/०२/०१

**अपाङ्गता सहायता सहजकर्ता (डी.एस.एफ.) पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

(प्रकाशित मितिः २०८२/०२/०१)

यस लालीगुराँस नगरपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र साझेदार संस्था करुणा फाउण्डेसन सँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ।
तपसिलमा उल्लेखित मापदण्ड नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

**तपसिल**

१. **विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०८-२०८१/०८२ | अपाङ्गता सहायता सहजकर्ता (डी.एस.एफ) | समावेशी (अपाङ्गता) | १ |

२. **सेवाको किसिमः** करार सेवा

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव**

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) अपाङ्गता परिचय पत्र भएको व्यक्ति हुनुपर्ने

(घ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने। तर, छनोट गर्दाका वखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

(ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# लालीगुराँस नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, तेह्रथुम

(कोशी प्रदेश, नेपाल)


(च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर प्रविधि मार्फत तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. **तलव, सुविधा तथा अन्य सेवा शर्तः** मासिक रु. २२,०००।— (बाइस हजार रुपैयाँ मात्र )

५. **उम्मेद्वारको उमेर**

(क) अपाङ्गता भएका व्यक्तिहरूको हकमा दरखास्त दिने अन्तिम मिति (अर्थात मिति २०८२/०२/०१) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।

६. **उम्मेद्वारको छनोट विधिः** कोशी प्रदेश सरकार द्वारा जारी स्थानीय तहमा अपाङ्गता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हुने ।

७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान**

(क) लालीगुराँस नगरपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी लालीगुराँस नगरपालिकाको कार्यालयमा बुझाउनु पर्ने,

(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय –पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

८. **परीक्षा दस्तुरः** रू ४००/-।

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** पालिकाको राजस्व फाँटमा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

१०. **दरखास्त फाराम भर्ने मितिः** मिति २०८२/०२/०१ देखी २०८२/०२/०७ सम्म।

११. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः** दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र टेलिफोन गरी जानकारी गराइने छ। साथै यस लालीगुराँस नगरपालिकाको सूचनापाटीमा समेत टाँस गरिने छ।

१२. **पाठ्यक्रमः** दरखास्त फारामसँगै प्राप्त गर्न सकिने।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ।

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकालाई हुनेछ।

१५. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस कार्यालयको सम्पर्क व्यक्ति (फणिन्द्र घिमिरे ९८४२८३४९९८) मा सम्पर्क गरी बुझ्न सकिनेछ।

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत